# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौर,रौतहट

मधेश प्रदेश, नेपाल

(दोस्रो पटक प्रकाशित मिति २०८३/०३/१६ गते)

**आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी दोस्रो पटकको सूचना।**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गौर नगरपालिकाबाट पारित आर्थिक ऐन, २०८२ अनुसार यस नगरपालिकाले विगतका बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार तपसिलका आय शीर्षकहरुमा कर,शुल्क उठाउन आ.व.२०८३/०८४ को लागि बढाबढको माध्यमद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति २०८३/०३/२२ गते कार्यालय खुल्ने समय सम्म।
२. बोलपत्र फाराम दस्तुर रु.१,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०८३/०३/२३ गते दिउसो १२:०० बजे सम्म हुनेछ, र सोही दिन १:०० बजे दर्ता हुन आएका बोलपत्रहरु कार्यालयमा खोलिनेछ।
४. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीले ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्ति भए नागरिकता प्रमाण पत्रको आफु स्वयंले प्रमाणित गरेको प्रतिलिपि पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले कबुल गरेको रकमको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक शाखा गौरमा रहेको खाता नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर, फर्म/कम्पनी ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा व्यक्ति भए नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।
६. फर्म वा कम्पनी बोलपत्रदाताले कबुल गरेको रकम एकमुष्ठ (मू.अ.कर लाग्ने भएमा अलगै दाखिला गरेमा) एकमुष्ठ बुझाएमा कबुल रकमको १०% ले हुने रकम छुट दिइनेछ। एकमुष्ठ रकम बुझाउन नसक्नेलाई बोलपत्र स्वीकृत भए पश्चात ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापतको रकम सम्झौता हुनु भन्दा पहिला यस कार्यालयको राजश्व खातामा दाखिला गरी दोस्रो र तेस्रो किस्ता रकम बराबरको "क" वर्गको बैकबाट गौर नगरपालिकाको नाममा जारी भएको १ बर्ष म्याद भएको बैक जमानत पत्र पेश गर्नुपर्नेछ। व्यक्ति भए ठेक्का सकार रकम पुरै एकमुष्ठ (१०% छुट) बाहेकको रकम यस कार्यालयमा बुझाउनु पर्नेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिईने छैन।
७. नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने कुनै प्रकारको नगदी, जिन्सी बुझाउन बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले बोलपत्रमा भाग लिन पाउने छैन्। बाँकी बक्यौता नरहेको विषय स्व घोषणा गर्नु पर्नेछ।
८. धरौटी रकम यस कार्यालयमा बुझाउनु पर्ने किस्ता रकममा मिन्हा हुने छैन। ठेक्का अवधि समाप्त भएपछि धरौटी रकम फिर्ता गरिनेछ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. सिलबन्दी बोलपत्र खाम माथि ( दुई वटा ठेक्का सूचनामा बोलपत्र पेश गर्न चाहेमा छुटाछुटै खामबन्दी गरी) बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको शीर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ।
११. बोलपत्र फाराम बिक्री तथा दर्ताको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुलेको दिन कायम हुनेछ।
१२. बोलपत्र, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ, तर निजहरु उपस्थित नभएमा पनि बोलपत्र खोलिनेछ।
१३. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| ४/राजश्व/०८२/०८३ | गुदरी बजार ठेक्का बन्दोवस्त | बिटौरी कर | ८,४१,५५१/- | |
| ५/राजश्व/०८२/०८३ | बरहवा खोला माछा ठेक्का (रामजानकी छठघाट देखि उतर गौरी शंकर क्याम्पस नजिकको नहरसम्म) | सरकारी सम्पतिको बहालबाट आय | २,०५,०००/- | |

नि: प्रमुख प्रशासकीय अधिकृत